कार्यालय: ०७५-५२०२१४
Email: akcpalpa@gmail.com

**प्रदेश सरकार**
**लुम्बिनी प्रदेश**
**कृषि, खाद्य प्रविधि तथा भूमि व्यवस्था मन्त्रालय**
**कृषि विकास निर्देशनालय**

# कृषि ज्ञान केन्द्र

**तानसेन, पाल्पा**

प.स: २०७८/७९
च.न:

कृषि ज्ञान केन्द्र, पाल्पाको आ.व. २०७८।७९ मा संचालन हुने विभिन्न कार्यक्रमहरुको सूचना।

प्रथम पटक प्रकाशित सूचना: २०७८/०८/१४

कृषि ज्ञान केन्द्र, पाल्पाको आ. व. २०७८/७९ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार तपिशल बमोजिमका कार्यक्रमहरु संचालन गर्नको लागि पाल्पा जिल्ला भित्रका ईच्छुक कृषक/ कृषक समूह/कृषि सहकारी/कृषि फर्म तथा कम्पनीहरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र आवश्यक कागजातहरु संलग्न गरी कृषि ज्ञान केन्द्र, पाल्पामा प्रस्ताव पेश गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। प्रस्ताव पेश गर्दा पेश गर्नु पर्ने निवेदनको ढाँचा, प्रस्तावको ढाँचा, संलग्न गर्नु पर्ने कागजात तथा मापदण्ड यस कार्यालयको सूचना पाटी वा Website: palpa.akc.gov.np बाट पनि प्राप्त गर्न सकिनेछ।

तपसिल:

| सि. नं. | कार्यक्रमको नाम | संलग्न गर्नु पर्ने कागजातहरु | अनुदानको मापदण्ड र अनुदानग्राहीले प्राप्त गर्ने अनुदानको सिमा | आवेदकको किसिम |
|---|---|---|---|---|
| (क) | कृषि पशु पढेका युवालाई उद्यमशिलता अनुदान | कृषि तथा पशु विषय अध्ययन गरेका युवाहरुको उद्यमशिलता विकास कार्यक्रम संचालन कार्यविधी, २०७६ को अनुसूची १ र २ अनुसारको आवश्यक कागजातहरु | कार्यविधिमा व्यवस्था भए अनुसार कूल लागतको ७५ प्रतिशत वा स्वीकृत बजेटको अनुसार बढिमा २ लाख पचास हजार मात्र। | कृषि बिषयमा जे.टी/जे.टि.ए, प्रवीणता, स्नातक, स्नाकोत्तर तथा विद्यावारिधी उत्तिण गरेका युवा जनशक्ति तथा ४० बर्षे उमेर नकाटेको |
| (ख) | च्याउ उत्पादन, प्रसोधन, ढुवानी र बजारीकरण कार्यक्रम | जिल्ला स्तर कृषि विकास कार्यक्रम संचालन कार्यविधि २०७८ को अनुसूची २ र ४ अनुसारको कागजातहरु | कम्तिमा १०० के जी वीउ प्रयोग गरी च्याउ उत्पादन गरेमा लागतको ५० प्रतिशत वा १ लाख जुन कम हुन आउछ। | कृषक, कृषि फर्म, कृषक समूह, कृषि सहकरी तथा कृषि कम्पनी |

संलग्न गर्नु पर्ने कागजातहरू:

१. अनुसूची - २ अनुसारको निवेदन
२. कृषि फार्म/कृषक समूह/कृषि सहकारीहरुको हकमा दर्ता र नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपी
३. अनुसूची - ४ अनुसारको ढाँचामा संक्षिप्त कार्ययोजना सहितको प्रस्ताव
४. निवेदकको नागरिकताको प्रमाण पत्रको प्रतिलिपि
५. सम्बन्धित स्थानीय तहको सिफारिस पत्र लगायत अन्य कागजातहरु

नोट: थप जानकारीको लागि ९८५७०६५००६ मा सम्पर्क गर्नु होला।

कामना अधिकारी